आज मिति २०७७/०५/०८ गते प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| | | | |
|---|---|---|---|
| अध्यक्ष | प्र.जि.अ. | श्री राज कुमार राई | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | सेनानी | श्री अमितजंग शाह | खड्गदल गण, सुरक्षा गुल्म, रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.ना.उ. | श्री गजुसिद्दि बज्राचार्य | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.ना.उ. | श्री सुदन आचार्य | स.प्र.बल नेपाल गुल्म हे.क्वा. रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.अ.अ. | श्री प्रविण पनेरु | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.जि.अ. | श्री अञ्जु पोखरेल | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | नि.मे.सु. | डा. श्री बद्री बैदवार | जिल्ला अस्पताल, रुकुम पूर्व |
| सदस्य | नि.स.अ. | श्री बिमला रोका श्रेष्ठ | जिल्ला समन्वय समिति, रुकुम पूर्व |

**सल्लाहकारः**

| | | |
|---|---|---|
| प्रमुख | श्री गजेन्द्र बहादुर वली | जिल्ला समन्वय समिति, रुकुम पूर्व |
| अध्यक्ष | श्री कुमारी बराल गौतम | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |

**आमन्त्रितः**

| | | |
|---|---|---|
| प्रदेश सभासद | माननीय श्री तेज बहादुर वली | प्रदेश नं.५ |
| ईकाइ प्रमुख | श्री तिलक गौतम | शिक्षा विकास तथा समन्वय ईकाइ, रुकुम पूर्व |
| अध्यक्ष | श्री यज्ञ प्रकाश मल्ल | उद्योग वाणिज्य संघ, रुकुम पूर्व |
| नि.का.प्र. | श्री यादव प्रसाद शर्मा | स्वास्थ्य कार्यालय, रुकुम पूर्व |
| स्वास्थ्य संयोजक | श्री सुरेन्द्र प्रसाद यादव | सिस्ने गाउँपालिका, रुकुम पूर्व |
| संयोजक | श्री लोकेन्द्र बहादुर वुढाथोकी | नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा, रुकुम पूर्व |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

**निर्णय नं. १**

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ५२८, मिति २०७७/०५/०७ गतेको परिपत्रको व्यहोरा पढिबाची गरियो । सो पत्रबाट प्राप्त यस जिल्लासँग सम्बन्धित निर्देशनलाई रुकुम पूर्व जिल्लामा कोभिड-१९ को नियन्त्रण र व्यवस्थापन गर्नको लागि सरोकारवालाहरु सँग आवश्यक समन्वय र सहजीकरण गर्दै कडाईका साथ सबैले कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

हाल रुक्मिणि मा.वि., रुकुमकोटमा संचालित आइसोलेसन सेन्टरलाई ५० बेडको क्षमता बढाउने, सोका लागि आवश्यक पर्ने बजेट तथा सहयोगका लागि प्रदेश नं. ५ को सरकारसँग तत्काल माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

हाल कोभिड-१९ को संक्रमण छिमेकी जिल्लाहरुमा बढिरहेको हुँदा मिति २०७७/०५/०८ गते राती १२ बजे देखि २०७७/०५/१४ गते राती १२ बजे सम्मको लागि अत्यावश्यक सेवा बाहेक अन्य सवारी साधन, कर्मचारी तथा सर्वसाधारण सबैलाई आवतजावतमा रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

रुकुम पूर्व जिल्लामा कोरोना भाईरस तथा नियन्त्रणको रणनीतिक कार्ययोजना २०७७/०७८ प्रदेश माननीय श्री तेज बहादुर ओलीको समुपस्थितीमा तयारी गरियो र सो कार्ययोजना बमोजिम सबै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी